# उच्च अदालत जनकपुर

## अस्थायी इजलास वीरगन्ज

## सूचना सूचना सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVIDE-19 को नयाँ भेरिएन्टको कारणले पर्सा जिल्लाभरी लागू भएको निषेधाज्ञालाई मध्यनजर गर्दै मिति २०७८।१।१६ गतेदेखी यस अदालतबाट प्रवाह हुने सेवाहरु संकुचित गरिदै आईएकोमा उच्च अदालत बार एशोसिएसन पर्सा वीरगन्जकको मिति २०७८।२।२३ को पत्रबाट अनुरोध भई आएका विषयहरुलाई समेत विचार गर्दै हाल प्रवाह भईआएका सेवाका अतिरिक्त स्वास्थ्य सुरक्षाका प्रचलित मापदण्डहरुलाई अवलम्वन गर्दै यस अदालतबाट मिति २०७८।२।२५ देखी तपशिल बमोजिमका सेवाहरु प्रवाह गरिने निर्णय गरिएको छ।

**तपशिल**

१. भिडभाड नहुने गरी मुद्दा, निवेदन, प्रतिवेदन, पुनरावेदन, लिखित जवाफ लगायतका दर्ता सम्बन्धी कार्यहरु,
२. प्रत्यर्थी झिकाउने आदेश भै नसकेका वादी नेपाल सरकारका पुनरावेदनपत्रहरुको सुनुवाई,
३. नेपाल सरकार पक्ष भएका थुनुवा मुद्दाहरुको सुनुवाई,
४. पक्षको प्रतिनिधित्व हुन सक्ने अवस्थाका मुलुकी देवानी र फौजदारी कार्याविधि संहिताको दफा १५७ नं. र ७३ नं.का निवेदन प्रतिवेदनहरुको सुनुवाई,
५. मुद्दा मिलापत्र, फिर्ता लगायतका कार्य,
६. सम्बन्धित मुद्दाका पक्ष उपस्थित भएमा अंग पुगेका मुद्दाहरुको सुनुवाई र
७. उल्लेखित निर्णयहरुको कार्यन्वयनको लागि आवश्यक र उपयुक्त प्रवन्धको समय सापेक्ष व्यवस्थापन रजिष्ट्रारले मिलाउने।

..........................
ठगिन्द्र कट्टेल
रजिष्ट्रार